# सिद्धिचरण नगरपालिका ओखलढुंगा
# शैक्षिक क्यालेण्डर–२०७९

**असार**

- १३ गतेभित्र निशुल्क पाठ्यपुस्तक र २० गतेभित्र विद्यार्थी दिवा खाजा वापतको नपुग रकम यकिन गरी नगरपालिकामा माग पेश गर्ने
- १५ गते भित्र स्थायी शिक्षकको का.स.मु. शिक्षक सेवा आयोगको सूचना अनुसारको प्रक्रिया पुरा गरी शिक्षा शाखामा पेश गर्ने (पेश गर्न बाँकीको हकमा)
- २५ गते भित्र शै.स.२०७९ को नयाँ विद्यार्थीको अभिलेख सहितको सम्पूर्ण विवरण (शिक्षक, भौतिक, विषय, स्टाफ, विविध) समेटी studentID (SCHOOL LEVEL IEMIS) अद्यावधिक गर्ने र iemis.cehrd.gov.np लगइन गरी एक्सेल फाइल अपलोड गर्ने
- कम्तिमा १ वटा विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने
- कक्षा ९ को रजिष्ट्रेशन र कक्षा १० को आवेदन फाराम भर्ने सम्वन्धमा सम्वन्धित निकायमा सोधबुझ गरी सोहीअनुसार गर्ने गराउने
- २५ गते भित्र शैक्षिक सत्र २०७८ का विद्यार्थीहरुलाई वितरण गरेको छात्रवृत्तिको भर्पाइ शिक्षा शाखामा पेश गर्ने
- १९ गतेदेखि २६ गतेसम्म शैक्षिक सत्र २०७९ को प्रथम त्रैमासिक अवधिको विद्यार्थी सिकाइको मूल्यांकन (प्रथम त्रैमासिक अवधिको छोटा परीक्षा)गर्ने
- महिनामा विद्यालय खुलेको अवधिको अन्तिम शुक्रवार स्टाफ बैठक बसी समीक्षा तथा आगामी योजना निर्माण गर्ने
- २८ गतेभित्र विद्यालयको प्रमाणित पत्रका साथ विद्यार्थी रुजु तथा प्रमाणीकरण फाराम २०७९ भरी शिक्षा शाखामा पेश गर्ने
- २८ गते भित्र विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गरी शिक्षा शाखामा पेश गर्ने
- २९ गतेदेखि ३२ गतेसम्म ४ दिन वर्षे बिदा
- वर्षे बिदा गर्दा विद्यालयहरुले आफ्नो अनुकुलनमा नियमानुसारको बिदा दिनमा घटबढ नहुने गरी यो कार्यतालिकामा लेखिएको समयभन्दा एकहप्तामा नबढाइ अघि वा पछि देखि गर्न सक्नेछन ।

**श्रावण**

- १ गते देखि २६ गते सम्म वर्षे बिदाबाट २६ दिन वर्षे विदा
- कक्षा ९ को रजिष्ट्रेशन र कक्षा १० को आवेदन फाराम भर्ने सम्वन्धमा सम्वन्धित निकायमा सोधबुझ गरी सोहीअनुसार गर्ने गराउने

**भदौ**

- ९ गतेभित्र विद्यालयहरुले आ.व.०७८/७९ को विद्यार्थी दिवा खाजा व्यवस्थापन सम्बन्धी कागजातहरु शिक्षा शाखामा पेश गर्ने
- ९ गते नगरपालिकास्तरीय प्र.अ.बैठक
- १५ गतेभित्र शिक्षक कर्मचारीले आ.व.०७८/७९ को सम्पत्ति विवरण सम्वन्धित निकायमा पेश गर्ने ( अस्थायी करारले नगरपालिकाको कार्यालयमा र स्थायीले राष्ट्रिय किताबखाना(शिक्षक)मा
- १५ गते आ.व. ०७९/८० को प्रथम त्रैमासिक अवधिको शिक्षक तथा कर्मचारी त.भ.माग फारम शिक्षा शाखामा पेश गर्ने

## भदौ

- १५ गतेभित्र प्रथम त्रैमासिक अवधिको सिकाइ उपलब्धि विश्लेषण
- २३ गते राष्ट्रिय शिक्षा दिवस तथा अन्तर्राष्ट्रिय साक्षरता दिवस विभिन्न कार्यक्रमहरु गरी मनाउने
- २९ गते बाल दिवस विभिन्न कार्यक्रमहरु गरी मनाउने
- ३१ गतेभित्र कक्षा ११ र १२ को विद्यार्थी विवरण IEMIS मा अद्यावधिक गरी  अनलाइन अपलोड गर्ने तथा हार्डकपी शिक्षा शाखामा पेश गर्ने
- ३१ गतेभित्र आ.व. ०७८/७९ को समग्र पक्षको सामाजिक परीक्षण गराई प्रतिवेदन अभिभावकको भेलामा सार्वजनिक गर्ने
- महिनाको अन्तिम शुक्रवार स्टाफ बैठक बसी समीक्षा तथा आगामी महिनाको योजना निर्माण गर्ने
- महिनामा कम्तिमा २ वटा विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप आयोजना गर्ने

## अशोज

- प्रथम त्रैमासिक विद्यालय अनुदान निकाशा दिने
- १० गतेदेखि २३ गते सम्म बडादशैं बिदा
- २४ गतेदेखि ३१ गतेसम्म वर्षे बिदाबाट ८ दिन बिदा
- महिनाको विद्यालय सञ्चालन हुने अन्तिम शुक्रवार स्टाफ बैठक बसी समीक्षा तथा आगामी महिनाको योजना निर्माण गर्ने
- कम्तिमा १ वटा विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप आयोजना गर्ने

## कार्तिक

- १ गतेदेखि ६ गतेसम्म वर्षे बिदाबाट ६ दिन बिदा
- ७ गतेदेखि १० गतेसम्म तिहार बिदा
- ११ गते वर्षे बिदाबाट १ दिन बिदा
- महिनाको अन्तिम शुक्रवार स्टाफ बैठक बसी समीक्षा तथा आगामी महिनाको योजना निर्माण गर्ने
- महिनामा कम्तिमा १ वटा विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप आयोजना गर्ने
- विद्यालयका लागि लेखापरीक्षक नियुक्ति गर्ने

## मंसिर

- १५ गते नगरपालिकास्तरीय प्र.अ.बैठक
- १५ गते दोस्रो त्रैमासिक अवधिको शिक्षक कर्मचारी त.भ.माग फाराम पेश गर्ने
- २१ गतेदेखि २९ गतेसम्म दोस्रो त्रैमासिक अवधिको विद्यार्थी सिकाइ उपलब्धि मूल्यांकन
- २९ गतेभित्र शै.स. २०७९ मा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको विवरण school level EMIS मा जन्मदर्ता अनुसार अपडेट गरी हार्डकपी
- र सफ्टकपी पेश गर्ने (समष्टिगत विवरण तयार गरी विद्यार्थीको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरी पेश गर्ने)
- महिनाको अन्तिम शुक्रवार स्टाफ बैठक बसी समीक्षा तथा आगामी महिनाको योजना निर्माण गर्ने
- महिनामा कम्तिमा १ वटा विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने
- विद्यालयको सामाजिक परीक्षण निर्देशिका २०७८ बमोजिम चालु आ.व.को हकमा चौमासिक रुपमा सामाजिक परीक्षण गराई IEMIS सँग आबद्ध गराउने

## पौष

- १० गते भित्र दोस्रो त्रैमासिक अवधिको विद्यार्थी सिकाइ उपलब्धि विश्लेषण
- ३० गतेभित्र विद्यालयको लेखापरीक्षण गराउने
- ३० गतेभित्र नयाँ विद्यालय खोल्न तथा तह थपका लागि न्यूनतम आधार पुरा गरेको भए रितपूर्वक नगरपालिकामा निवेदन दिने
- महिनाको अन्तिम शुक्रवार स्टाफ बैठक बसी समीक्षा तथा आगामी महिनाको योजना निर्माण गर्ने
- महिनामा कम्तिमा २ वटा विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने

## माघ

- ५ गते नगरपालिकास्तरीय प्र.अ.बैठक
- १२ गते सरस्वती पूजा हरेक विद्यालयले आयोजना गर्ने
- १९ गते वडास्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन
- २० गते साविक स्रोतकेन्द्र वा विद्यालयहरुको क्लष्टर स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन
- २६ देखि २८ गतेसम्म नगरपालिकास्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन
- २९ गतेभित्र कक्षा थप गर्न इच्छुक विद्यालयले न्यूनतम आधार पुरा गरेको भए रितपूर्वक नगरपालिकामा निवेदन पेश गर्ने
- महिनाको अन्तिम शुक्रवार स्टाफ बैठक बसी समीक्षा तथा आगामी महिनाको योजना निर्माण गर्ने
- महिनामा कम्तिमा १ वटा विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप आयोजना गर्ने

## फागुन

- महिनाको अन्तिम शुक्रवार स्टाफ बैठक बसी समीक्षा तथा आगामी महिनाको योजना निर्माण गर्ने
- महिनामा कम्तिमा २ वटा विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप आयोजना गर्ने

## चैत्र

- १ गतेबाट कक्षा ८ को नगरपालिकास्तरीय तथा अन्य कक्षाको वार्षिक परीक्षा सञ्चालन (२०७९ सालको एसइई समय तालिका प्रकाशन पश्चात संशोधन हुनसक्ने)
- २० गतेभित्र कक्षा ८ को नतिजा प्रमाणीकरण गरी २२ गते सबै कक्षाको नतिजा प्रकाशन गर्ने
- २३ देखि २५ गतेसम्म स्थानीय तहस्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता
- २६ देखि ३० गतेसम्म शैक्षिक सत्र २०८० को वार्षिक कार्यतालिका साथै TIP निर्माण गर्ने
- विद्यालयको सामाजिक परीक्षण निर्देशिका २०७८ बमोजिम दोस्रो चौमासिक अवधिको सामाजिक परीक्षण गराई IEMIS सँग आबद्ध गराउने

  नोट : समय समयमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले जारी गरेका निर्देशन, परिपत्र र सूचनालाई यसै क्यालेण्डरको मुख्य अंग मानी सोही अनुसार गर्ने गराउने